# सुरक्षित भवन निर्माणका लागि
# नेपाल राष्ट्रिय भवन संहिता पालना प्रवर्द्धन परियोजना
# (NBCC)

समाचारपत्र अंक ४, पौष २०८०

## [NBCC परियोजनाको परिचय]

नेपालमा सुरक्षित भवन निर्माणका लागि नेपाल राष्ट्रिय भवन संहिता (NBC) र विभिन्न नगरपालिका/गाँउपालिकामा आ-आफ्नै भवन निर्माण मापदण्डहरू (Building By-Laws) छन् । कुनै पनि भवन निर्माण गर्नका लागि सर्वप्रथम घरधनीले नगरपालिकाबाट भवन निर्माण अनुमति लिनुपर्ने हुन्छ । यस्तो अनुमति लिनको लागि घरधनीले भवन निर्माण मापदण्ड र भवन संहिताको पूर्ण पालना हुने गरी आफ्नो आवश्यकता अनुसार घरको डिजाइन र नक्सा तयार पारी सम्बन्धित नगरपालिका/गाँउपालिकामा बुझाउनु पर्दछ । यसरी बुझाएको डिजाइन र नक्सा, भवन निर्माण मापदण्ड र भवन संहिता अनुरूप छ कि छैन भनी नगरपालिकाले चेकजाँच गरी भवन निर्माण अनुमति दिन्छ । भवन संहिता र भवन निर्माण मापदण्ड पालना गरी नक्सा अनुसार निर्माण गरिएका घरहरू भूकम्प प्रतिरोधी हुन्छन् । सो कुराको सुनिश्चित गर्न नक्सा पास गर्नुपरेको हो ।

भवन संहिता र भवन निर्माण मापदण्ड पालना नगरी निर्माण गरिएका घरहरू भूकम्पको बेला क्षतिग्रस्त हुनसक्छन् । साथै क्षतिग्रस्त घरले छिमेकीका घरहरूलाई समेत जोखिममा पार्न सक्छ । कतिपय घरधनीहरूले नगरपालिकाबाट भवन निर्माणको अनुमति नलिइकन निर्माण गर्ने गरेको पाइन्छ । नेपालमा भवन संहिता र भवन निर्माण मापदण्ड पालना गरी घरको निर्माण गर्ने दर सन्तोषजनक नभएको विभिन्न अध्ययनले देखाएका छन् । यो अवस्था सुधार गर्नका लागि शहरी विकास मन्त्रालयले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) को सहयोगमा NBCC परियोजना सुरु गरेको हो । NBCC परियोजनाले नगरपालिकाहरूमा भवन निर्माण अनुमतिका लागि आवेदन दिने तथा निरीक्षण गर्ने प्रक्रियाहरूमा सुधार गरी भवन संहिता र भवन निर्माण मापदण्ड पालनाको दर वृद्धि गर्ने लक्ष्य राखेको छ । यसले भूकम्प प्रतिरोधी भवन निर्माणको अभ्यास अभिवृद्धि गर्ने छ ।

### [ समाचारपत्रका विषयहरु (अंक ४) ]


१. परियोजनाको जनसम्पर्क

२. परियोजनाका पछिल्ला गतिविधिहरू

३. परियोजनाका सदस्यहरूको परिचय




## १. परियोजनाको जनसम्पर्क

जनसम्पर्कका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- आमनागरिकलाई परियोजनाले हाल संचालन गरिरहेका कार्यहरूबारे जानकारी दिने
- सुधारिएको भवन निर्माण कार्यविधिलाई बुझ्न सजिलो हुने गरी प्रस्तुत गर्ने

परियोजनाले भवन निर्माण कार्यविधिको संक्षिप्त सार समेटेर हालसम्म एक ब्रोसर, समाचारपत्रहरू, भवन निर्माण सम्बन्धी पुस्तिका र थ्री डी भिडियो प्रकाशित गरेको छ ।

**सामग्रीहरूको संक्षिप्त सार:**

### १-१. परियोजनाको ब्रोसर

ब्रोसर अंग्रेजी भाषामा, A4 साइजमा तयार गरिएको छ । परियोजनाको पृष्ठभूमि, समग्र लक्ष्य, परियोजनाका उद्देश्य, प्रतिफलहरू र ती प्राप्त गर्न संचालित क्रियाकलापहरू, कार्यान्वयन संरचना आदि संक्षेपमा प्रस्तुत गरिएको छ । (परियोजनाको ब्रोसर हेर्नुहोस)

## १-२. नारा

परियोजनाले लक्ष्यहरूको स्पष्ट संकेत दिने नारा तय गरेको छ।

**भवन निर्माण कार्यविधि पालना गरौं**
**स्वीकृत नक्सा बमोजिम सुरक्षित घर निर्माण गरौं**

## १-३. समाचारपत्र

परियोजनाले विभिन्न संचार माध्यमहरूको प्रयोग गरी सूचना प्रवाह गर्ने र राष्ट्रिय भवन संहिताको परिपालना सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने कार्य गरिरहेको छ। समाचारपत्रका ६ अंक प्रकाशित गर्ने लक्ष्य लिएकोमा परियोजनाले अंग्रेजी र नेपाली भाषामा ३ अंकको प्रकाशन गरिसकेको छ।

### १-३.१ अंक १

परियोजनाको प्रारंभिक चरणमा आधाररेखा सर्वेक्षण (baseline survey) का रूपमा तिन वटा सर्वेक्षणहरू गरिएको थियो। समाचारपत्रको पहिलो अंकमा भवन सर्वेक्षणको तरिका र सर्वेक्षणका मुख्य नतिजा प्रस्तुत गरिएको छ।

हेर्नुहोस्:

*समाचारपत्र अङ्क (१) नेपाली*

*समाचारपत्र अङ्क (१) अंग्रेजी*

निर्माणाधीन भवनहरूका लागि तय गरी सर्वेक्षणमा समेटिएका १२ सूचकहरू (checkpoints) मध्ये ३ को पालना ज्यादै निम्न रहेको पाइयो। ती ३ सूचकहरू हुनः बिम पिलर जोर्नी, कंक्रिट (मसला) को अनुपात र कक्रिंटको क्षमता परिक्षण।

### १-३.२ अंक २

भवन निर्माण कार्यविधिमा सुधार गर्नु परियोजनाको एउटा उद्देश्य हो। समाचारपत्रको दोस्रो अङ्कमा कंक्रिट (reinforced concrete) भवनहरूमा लागू हुने विधिहरू, भवन निर्माण कार्यविधिको फ्लोचार्ट (Flowchart) र अन्य महत्वपूर्ण बुँदाहरू समेटिएको छ। शहरी क्षेत्रका धेरै भवनहरूमा कंक्रिट संरचना प्रयोग हुने हुँदा भवन निर्माण कार्यविधिको ज्ञान अत्यावश्यक छ। नेपालका सबै स्थानीय तहहरूमा एउटै भवन निर्माण अनुमति प्रणालीको विकास गर्नु भवन निर्माण कार्यविधिको मुख्य उद्देश्य हो जसमा नगरपालिका / गाउँपालिकाका इन्जिनियरहरूले भवन निर्माण कार्यको अन्तरिम निरीक्षण गर्ने व्यवस्थालाई प्राथमिकता दिईएको छ।

हेर्नुहोस्:

*समाचारपत्र अङ्क (२) नेपाली*

*समाचारपत्र अङ्क (२) अंग्रेजी*

### १-३.३ अंक ३

संशोधन गरिएको कार्यविधि नगरपालिका तहमा सहज कार्यान्वयन होस् भनेर परियोजनाले यस प्रकृयासँग सम्बन्धित व्यक्तिहरूलाई तालिम दिने काम गर्दछ।

समाचारपत्रको अङ्क ३ मा तालीमहरू, तिनका उद्देश्यहरू तथा लक्ष्य, तालीम कार्यक्रम तथा सम्बन्धित सामग्रीहरू, डन्डी बाँध्ने तरिकाको पूर्ण आकृति (Full–Scale Model), गैर-विनाशकारी परीक्षण उपकरण (NDT), तालीम मूल्यांकन आदिको सार प्रस्तुत गरिएको छ।

हेर्नुहोस्:

*समाचारपत्र अङ्क (३) नेपाली*

*समाचारपत्र अङ्क (३) अंग्रेजी*

## १.४ भवन निर्माण कार्यविधि सम्बन्धी पुस्तिका (भवन निर्माण कार्यविधिको संक्षिप्त सारांश)

यो पुस्तिका संशोधित भवन निर्माण कार्यविधिको संक्षिप्त सारांश हो। पुस्तिकामा भवन निर्माणमा सरोकारवालाहरूको भूमिका तथा उत्तरदायित्व र अवलम्बन विधि आदि विषयहरू सरल ढङ्गले वर्णन गरिएको छ।

हेर्नुहोस्:

*पुस्तिका_नेपाली*

*पुस्तिका_अंग्रेजी*

## १-५. थ्रीडी एनिमेटेड भिडियो (3D Animated Vedio)

संशोधित भवन निर्माण कार्यविधिमा १० मुख्य बुँदाहरू समावेश गरी परियोजनाले थ्रीडी एनिमेटेड भिडियो उत्पादन गरेको छ। उक्त भिडियोमा घर बनाउन इच्छुक एक व्यक्तिले भवन संहिता व्यवहारमा लागू गर्ने सम्बन्धमा जानकारी प्राप्त गर्न सम्बन्धित नगरपालिकाको भ्रमण गरेको देखाइएको छ। भिडियोको साररे निम्न बुँदाहरूमा जोड दिएको छः

१. घरधनीले सम्बन्धित निकायमा विधिवत् दर्ता भएको डिजाइनर, सुपरीवेक्षण परामर्शदाता र निर्माण व्यवसायी / निर्माणकर्मीबाट काम गराउनुपर्छ
२. डिजाइनर, सुपरीवेक्षण परामर्शदाता र निर्माण व्यवसायी / निर्माणकर्मी सम्बन्धित नगरपालिका / गाउँपालिकाद्वारा प्रमाणित भएको हुनुपर्छ। जुन नगरपालिका / गाउँपालिकामा काम गर्ने हो, त्यहाँ उनीहरू दर्ता भएको हुनुपर्छ
३. डिजाइनर, सुपरीवेक्षण परामर्शदाता र निर्माण व्यवसायी/ निर्माणकर्मीको दर्ता निःशुल्क गरिनुपर्छ
४. भवन संहिताले तोके बमोजिम नगरपालिका / गाउँपालिका निर्माण कार्यको निरीक्षण गर्नुपर्छ (उपसंरचना (Substructure) र उपरिसंरचना (Superstructure) दुबैको हकमा २/२ पटक)
५. सुपरीवेक्षण परामर्शदाताले अन्तरिम निरीक्षण (कंक्रिट कार्य गर्नु अघि) तथा अन्तिम निरीक्षणको निवेदन दिन प्राविधिक प्रतिवेदन पेश गर्नुपर्छ (निर्माण सामग्री परीक्षण, रिबार निरीक्षण, ढलान मसलाको क्षमता परीक्षण आदि)
६. सम्बन्धित नगरपालिका / गाउँपालिकाले डिजाइनर / सुपरीवेक्षकले पेशागत मर्यादाविपरितका क्रियाकलाप गरेको पाइएमा कारबाही गर्नुपर्छ
७. स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भए बमोजिम सजायको सिफारिश गरिनुपर्छ
८. घरधनी भवन संहिता तथा अन्य मापदण्डहरू सम्बन्धी अभिमुखीकरण तालीममा सहभागी हुनुपर्छ
९. निर्माण सुरक्षाका लागि आवश्यक तत्वहरू समेटिएको छ
१०. निवेदन दिनका लागी हस्तलिखित प्रणालीलाई भन्दा (e–BPS) अनलाइन प्रणालीलाई प्राथमिकता दिन उपयुक्त हुन्छ

*(भवन निर्माण कार्यविधिको थ्रीडी भिडियो हेर्नुहोस)*

## १-६. २५औं भूकम्प सुरक्षा दिवस

जनवरी १७, २०२३ (माघ ३, २०७९) का दिन कमलपोखरी, काठमाण्डौमा २५औं भूकम्प सुरक्षा दिवससम्बन्धी एक प्रदर्शनीको आयोजन गरिएको थियो। काठमाण्डौ महानगर मुख्य आयोजक रहेको उक्त कार्यक्रममा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालले सहयोगी भूमिका खेलेको थियो। महानगरले आगलागी नियन्त्रण, सडक दुर्घटना व्यवस्थापन र विपद व्यवस्थापनमा प्रयोग गरिने यन्त्र तथा प्रविधिहरूको प्रदर्शन गरेको थियो। परियोजनाले पनि उक्त प्रदर्शनीमा भाग लिइ आफ्ना सामग्रीहरू वितरण गरेको थियो।





## २. परियोजनाका पछिल्ला गतिविधिहरू

- अक्टोबर ३-४, २०२३ (असोज १६-१७, २०८०): शहरी विकास तथा भवन निर्माण विभागमा प्रमुख प्रशिक्षक (Master Trainer) का लागि डिजाइन परीक्षण तथा निरीक्षणसम्बन्धी क्षमता अभिवृद्धि तालीम संचालन गरियो।
- अक्टोबर ८-१०, २०२३ (असोज २१-२३, २०८०): अद्यावधिक गरिएको भवन निर्माण कार्यविधिका आधारमा दक्षिणकाली नगरपालिकामा ३-दिने कार्यशालाको आयोजन गरियो। कार्यशाला e–BPS, पालिका अधिकृतहरू, सुपरीवेक्षण परामर्शदाता तथा डिजाइनरहरूको भूमिका तथा उत्तरदायित्वहरूमा केन्द्रित थियो।

## ३. परियोजनाका सदस्यहरूको परिचय

समाचारपत्रको यस अङ्कमा हामीले यस परियोजनाका केहि सदस्यहरू तथा कर्मचारीहरूको परिचय प्रस्तुत गरेका छौं। आगामी अङ्कहरूमा अन्य सदस्यहरू तथा कर्मचारीहरूको परिचय प्रस्तुत गर्दै जानेछौं।

**प्रकीण तुलाधर**

**उप–महानिर्देशक**

(शहरी विकास तथा भवन निर्माण विभाग)

उहाँ शहरी बिकास तथा भवन निर्माण बिभाग अर्न्तगत भवन संहिता शाखामा उपमहानिर्देशकको रुपमा कार्यरत हुनुहुन्छ। उँहा यस परियोजनामा परियोजना निर्देशकको रूपमा पनि काम गरिरहनु भएको छ।



अहिलेको लागि मात्रै नभई भावी पुस्ताका लागी समेत सुरक्षित भवन निर्माणकार्य सुनिश्चित गनुपर्छ।



म भूकम्पपछि पुनर्निर्माणको सुरुवाती चरणदेखि नै नेपालमा कार्यरत छु। आगामी दिनहरूमा समेत नेपालमा सुरक्षित भवनहरूको निर्माणमा योगदान दिन चाहन्छु।

**आयाका कावानो** (**जापानी विज्ञ**)

कावानोले डिजाइन तथा सुपरीवेक्षण तालीमको जिम्मेवारी सम्हालिरहनुभएको छ।

**माकी तानाका** (**जापानी विज्ञ**)

तानाकाले जनसम्पर्क योजना तथा सचेतना सर्वेक्षणसम्बन्धी जिम्मेवारी सम्हालिरहनुभएको छ।



नेपाल मेरो दोस्रो घर हो।



म जापान भ्रमण गर्न र त्यहाँका मिठा परिकारहरूको स्वाद लिन चाहन्छु।

**प्रियंका लिम्बु** (**कर्मचारी**)

लिम्बुले परियोजनाको प्रशासकीय व्यवस्थापन सम्बन्धी जिम्मेवारी सम्हालिरहनुभएको छ।

परियोजनाको वेबसाइट हेर्नुहुन अनुरोध गर्दछौं

रजिष्ट्रेशन गरिसकेपछि तपाईंहरूले हाम्रो वेबपेजमा प्रवेश पाउनुहुनेछ।

https://sites.google.com/view/nbcctraining/home

*रजिष्ट्रेशन* *वेबपेज*

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA)को प्राविधिक सहयोगमा
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभागद्वारा कार्यान्वयन गरिएको